नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ अङ्क १० असार २०८१ जुन-जुलाई २०२४

# गभर्नर अधिकारी 45th SAARCFINANCE Meeting and Symposium'मा सहभागी




गभर्नर महाप्रसाद अधिकारी २०८१ जेठ ३१ र ३२ गते श्रीलङ्काको केन्द्रीय बैंकद्वारा राजधानी कोलम्बोमा आयोजित '45th SAARCFINANCE Governors' Meeting and Symposium' मा सहभागी हुनुभयो। उक्त बैठकमा दक्षिण एसिया क्षेत्रका केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर, अर्थ मन्त्रालयका अधिकारी र अन्य प्रतिनिधिको उपस्थिति थियो।

कार्यक्रमको पहिलो दिन SAARCFINANCE Governors' Symposium अन्तर्गत 'Central Banking amid Multi-faceted Global Economic Challenges' विषयमा केन्द्रित सेमिनार अयोजना भयो। श्रीलङ्काका राष्ट्रपति एवम् अर्थमन्त्री रनिल विक्रमासिङ्घेले सेमिनारमा उद्घाटन मन्तव्य राख्नुभयो। सो अवसरमा उहाँले विगत केही वर्षदेखि सङ्कटग्रस्त श्रीलङ्काको अर्थतन्त्र हाल सुधारोन्मुख रहेको जनाउँदै समष्टिगत आर्थिक स्थायित्वका लागि विभिन्न नीतिगत व्यवस्थाका साथै मौद्रिक तथा सरकारी वित्तसँग सम्बन्धित कानुनी सुधारमा आफूहरू केन्द्रित रहेको बताउनुभयो। साथै, उहाँले समसामयिक आर्थिक चुनौतीको सामना गर्न क्षेत्रीय सहकार्यको आवश्यकता औंल्याउनुभयो।

सोही दिन सहभागीहरूबीच सार्क क्षेत्रको अर्थतन्त्रको अवस्था तथा चुनौती, मौद्रिक नीतिका विभिन्न आयाम र अन्य समसामयिक आर्थिक विषयमा प्यानल छलफल भएको थियो। यसअन्तर्गत पहिलो सत्रमा आयोजित 'Challenges and Opportunities of Evolving Global Economic Dynamics to SAARC Countries: Sharing Experience' विषयक प्यानल छलफलमा गभर्नर अधिकारी प्यानलिस्टको भूमिकामा सहभागी हुनुभयो।

सो अवसरमा उहाँले विश्व अर्थतन्त्रको गतिशीलता र परिवर्तनबाट सार्क क्षेत्रमा देखिएको अवसर तथा चुनौतीका बारेमा आफ्नो धारणा राख्नुभयो। साथै, नेपालको समग्र आर्थिक तथा वित्तीय परिसूचकको सन्दर्भ जोड्दै गभर्नर अधिकारीले अर्थतन्त्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्न नेपालले अवलम्बन गरेका नीतिगत प्रयासबारे चर्चा गर्नुभयो। दिगो विकासका लागि समष्टिगत आर्थिक स्थायित्वमा सम्झौता नगरी मौद्रिक तथा वित्त नीतिबीच आवश्यक समन्वय हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा 'Revisiting Monetary Policy Processes and Paradigms in SAARC Countries: Policy Puzzles, Solutions, and Lessons Learnt' विषयक दोस्रो प्यानल छलफल भएको थियो। उक्त छलफलमा सार्क क्षेत्रका केन्द्रीय बैंकले हाल अवलम्बन गरेका मौद्रिक नीतिको संरचना, पछिल्लो समयमा भएका परिवर्तन, मौद्रिक नीतिका सीमा एवम् आगामी कार्यदिशाका बारेमा चर्चा भएको थियो।

कार्यक्रमको दोस्रो दिन गभर्नर अधिकारी 45th SAARCFINANCE Governors' Group Meeting मा सहभागी हुनुभयो। सार्क फाइनान्सका वर्तमान अध्यक्ष एवम् सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर डा. पी. नन्दलाल वीरासिङ्घेको अध्यक्षतामा सम्पन्न बैठकमा गभर्नर अधिकारीले सार्क फाइनान्सअन्तर्गतका विभिन्न कार्यक्रममा नेपाल राष्ट्र बैंकको भूमिकाको चर्चा गर्दै नेपालको वर्तमान आर्थिक तथा वित्तीय परिसूचकको अवस्था, अर्थतन्त्रका चुनौती र क्षेत्रीय सहयोगको आवश्यकताका बारेमा आफ्नो धारणा राख्नुभयो।




कार्यक्रममा सहभागी केन्द्रीय बैंकका गभर्नरहरूबाट सार्क सदस्य राष्ट्रबीच आगामी दिनमा आर्थिक तथा वित्तीय क्षेत्रका समसामयिक विषयमा समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिइएको थियो। कार्यक्रममा सहभागी भई गभर्नर अधिकारी असार २ गते स्वदेश फर्कनुभयो।

कार्यक्रमका अवसरमा गभर्नर अधिकारीले भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दास र सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर डा. पी. नन्दलाल वीरासिङ्घेसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता समेत गर्नुभएको थियो। भेटका अवसरमा उहाँहरूबीच समसामयिक तथा द्विपक्षीय सहकार्य लगायतका विषयमा छलफल भएको थियो। बैठकका दौरान गभर्नर अधिकारीले सार्क मुलुकका अन्य गभर्नरहरूसँग समेत मैत्रीपूर्ण भेटघाट र छलफल गर्नुभएको थियो।


कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेल, बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक शैलेन्द्र रेग्मी र गभर्नरको कार्यालयका सहायक निर्देशक विजयकृष्ण कुटुको समेत सहभागिता थियो। उक्त कार्यक्रमका अवसरमा सार्क मुलुकका केन्द्रीय बैंकका सार्क फाइनान्स कोअर्डिनेटर्सको अलग्गै बैठकसमेत सम्पन्न भएको थियो।

सार्क फाइनान्स दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकका गभर्नर तथा अर्थ सचिवहरूको सञ्जाल हो। सार्क राष्ट्रबीच समष्टिगत आर्थिक नीतिको विषयमा छलफल र पारस्परिक सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा सार्क फाइनान्सको स्थापना भएको थियो। सन् २००२ जनवरीमा काठमाडौंमा सम्पन्न 'एघारौं सार्क शिखर सम्मेलन' ले 'सार्क फाइनान्स' लाई औपचारिक मान्यता दिएको थियो। ■

# मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ को निम्ति जारी गरिएको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले २०८१ जेठ ४ गते उक्त समीक्षा सार्वजनिक गरेको हो।

समीक्षामार्फत बैंकले वार्षिक मौद्रिक नीतिमा लिइएको सजगतापूर्वक लचिलो कार्यदिशालाई निरन्तरता दिइएको जनाएको छ। ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन स्थायी निक्षेप सुविधा प्रदान गर्ने व्यवस्थामा पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ। बैंक तथा वित्तीय संस्थाको पुँजीकोष थप सुदृढ गर्ने सम्बन्धमा अतिरिक्त उपकरण प्रयोगमा ल्याउन आवश्यक सहजीकरण गरिने जनाइएको छ।




बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने विद्यमान १२५ प्रतिशत जोखिमभार रहेका हायर पर्चेज प्रकृतिका सवारी साधन कर्जाको जोखिमभार घटाई १०० प्रतिशत कायम गरिने बैंकले जनाएको छ। यस्तै, एक वर्ष व्यतित भइसकेका लगानी मध्येबाट एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ। असल वर्गमा वर्गीकरण भएका कर्जाका लागि गर्नुपर्ने विद्यमान कर्जा नोक्सानी व्यवस्था १.२५ प्रतिशतबाट घटाई १.२० प्रतिशत कायम गरिनेछ।

यसै गरी, घर जग्गा खरिद प्रयोजनको लागि ऋण भुक्तानी आम्दानी अनुपातलाई सहजीकरण गरी कर चुक्ता प्रमाण पेस गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने बैंकले जनाएको छ। चाँदी आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्थामा समेत पुनरावलोकन गरिने समीक्षामा उल्लेख छ। आन्तरिक आर्थिक गतिविधि एवम् मुद्रास्फीतिको अवस्था र नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटलाई दृष्टिगत गरी आगामी वर्षको मौद्रिक नीति तर्जुमा गर्दा यथोचित व्यवस्था गरिने जानकारी बैंकले दिएको छ। ■

# वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी व्यवस्थापन गोष्ठी सम्पन्न




संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले जेठ २५ र २६ गते काठमाडौंमा 'व्यवस्थापन गोष्ठी' आयोजना गऱ्यो। आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा विभागले उक्त गोष्ठी आयोजना गरेको हो।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, तथा सञ्चालक सदस्य चिन्तामणि शिवाकोटीको उपस्थितिमा आयोजित उक्त गोष्ठीमा सबै विभाग/कार्यालय, महाशाखा, इकाइ तथा प्रदेशस्थित कार्यालयका कार्यकारी निर्देशक र निर्देशक, कर्मचारी युनियनका प्रतिनिधिलगायतको सहभागिता थियो।

सो अवसरमा गभर्नर अधिकारीले एउटै प्रकृतिका कार्यक्रममा विभिन्न कार्यालय/विभागहरूको फरकफरक बजेट रहेको विषयमा चर्चा गर्दै बजेट अनुमान यथार्थपरक, मितव्ययी र व्यावहारिक हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो। सूचना प्रविधिसँग सम्बन्धित वस्तु तथा सेवा खरिद प्रक्रियामा धेरै प्राविधिक जटिलता रहने हुँदा यस विषयमा सजगताका साथ अघि बढ्नसमेत उहाँले निर्देशन दिनुभयो। निर्माण सम्पन्न भएका भवनमा फर्निसिङ गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने गभर्नर अधिकारीको भनाइ थियो। कार्ययोजनाको समीक्षामा प्रयोग हुने भाराङ्कलाई वैज्ञानिक बनाउनुपर्ने उल्लेख गर्दै कार्ययोजनालाई सफल बनाउन सम्बद्ध विभाग/कार्यालयबाट अधिकतम प्रयत्न हुनुपर्ने धारणा उहाँले राख्नुभयो।

गोष्ठीमा डेपुटी गभर्नरद्वय तिम्सिना र मिश्रले क्रमश: पहिलो र दोस्रो दिनको व्यावसायिक सत्रको अध्यक्षता गर्नुभएको थियो। व्यावसायिक सत्रमा सबै विभाग/कार्यालयका कार्यकारी निर्देशक र विभिन्न महाशाखा/इकाइ/प्रदेशस्थित कार्यालयका प्रमुखहरूले आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले बैंकको आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले समय र स्रोतका आधारमा गर्न सकिने कार्यक्रमलाई मात्र कार्ययोजनामा समावेश गर्न सुझाव दिँदै योजनाको तर्जुमा र कार्यान्वयनका क्रममा अन्तरविभागीय समन्वयलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँको धारणा थियो। डेपुटी गभर्नर मिश्रले खरिद प्रक्रियामा देखिएका चुनौतीबारे चर्चा गर्दै त्यसको सहजीकरणका निम्ति बैंक व्यवस्थापन प्रतिबद्ध रहेको धारणा राख्नुभयो। गोष्ठीमा बैंक सञ्चालक समितिका सदस्य चिन्तामणि शिवाकोटीले विगतका बजेट तथा कार्ययोजनालाई समीक्षा गरेर आगामी बजेट र कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

यसै गरी, उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकमा क्रियाशील कर्मचारी संघ/सङ्गठनका प्रतिनिधिले आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटलाई प्रभावकारी बनाउने सम्बन्धमा सुझाव प्रस्तुत गर्दै समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा बैंकको कामकारबाहीमा देखिएका समस्या, बजेट तथा कार्ययोजना कार्यान्वयनका चुनौती तथा समाधानका उपायबारे सहभागीहरूबीच छलफल भएको थियो। सामूहिक छलफलमा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्याल, आन्तरिक लेखापरिक्षण विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारी र निर्देशक राजनविक्रम थापा र नेपालगञ्ज कार्यालयका निर्देशक देवेन्द्र गौतमले आ-आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक भट्टले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अस्मिता खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# गभर्नर अधिकारी एसियन क्लियरिङ युनियन (एसीयु) को ५२ औं बोर्ड बैठकमा सहभागी

गभर्नर महाप्रसाद अधिकारी २०८१ जेठ १७-१८ गते बङ्लादेशको ढाकामा आयोजित एसियन क्लियरिङ युनियन (एसीयु) को ५२ औं बोर्ड बैठकमा सहभागी भई जेठ १९ गते स्वदेश फर्कनुभयो। बैठकमा बङ्लादेश बैंकका गभर्नर अब्दुर रौफ तालुक्दरको अध्यक्षतामा आयोजित बैठकमा एसीयुका महासचिव फरहाद मोर्सली पावार्सील सन २०२२ मा युनियनबाट भएका कामकारबाही सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा गभर्नर अधिकारीले विश्व परिवेशमा देखिएको भू-राजनीतिक उतारचढाव र मूल्यवृद्धिका बाबजुद नेपालको आर्थिक तथा वित्तीय स्थिति सन्तोषजनक रहेको धारणा प्रस्तुत गर्नुभयो। सो अवसरमा गभर्नर अधिकारीले एसीयुले एनपीआई र भारतको युपीआईबीच अन्तरआबद्धताले दुई देशबीचको भुक्तानी कारोबारमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो।




उक्त बैठकमा युनियनमा आबद्ध अन्य केन्द्रीय बैंकका पदाधिकारीले समेत आ-आफ्नो तर्फबाट मुलुकको समष्टिगत आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी विवरण प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको दोस्रो सत्रमा सहभागी मुलुकका विद्यमान भुक्तानी संयन्त्रमाथि छलफल भएको थियो। सो अवसरमा गभर्नर अधिकारीले नेपालको भुक्तानी प्रणालीमा भएको विकासबारे चर्चा गर्दै प्रणालीका नीतिगत र संस्थागत व्यवस्थाका बारेमा सङ्क्षिप्त जानकारी दिनुभयो। उहाँले नेपालको एनपीआई र भारतको युपीआईबीच अन्तरआबद्धताले दुई देशबीचको भुक्तानी कारोबारमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो।

बैठकमा गभर्नर अधिकारीसँगै विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक निश्चल अधिकारी र सहायक निर्देशक सोमराज नेपाली तथा गभर्नरको कार्यालयका सहायक निर्देशक विद्या अधिकारीसमेत सहभागी हुनुभएको थियो।

२०८१ जेठ २० गते एसीयुमा बङ्लादेश, बेलारुस, भुटान, भारत, इरान, मौरिसस, माल्दीभ्स, म्यानमार, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी ११ मुलुकका केन्द्रीय बैंकहरू आबद्ध छन्। सदस्य मुलुकबीच अन्तरदेशीय भुक्तानी कारोबारलाई व्यवस्थित र सहजीकरण गर्ने उद्देश्यका साथ सन् १९७४ डिसेम्बरमा युनियनको स्थापना भएको थियो। युनियनको सचिवालय इरानको तेहरानमा छ।

# 'वित्तीय समावेशीकरण नीति, २०८१' जारी

नेपाल राष्ट्र बैंकले 'वित्तीय समावेशीकरण नीति, २०८१' जारी गरेको छ। २०८१ वैशाख १० गते बसेको बैंक सञ्चालक समितिको बैठकले उक्त नीति स्वीकृत गरेको हो।

वित्तीय स्थायित्वलाई मध्यनजर गर्दै वित्तीय सेवाको विस्तार र प्रगाढता अभिवृद्धिका साथै वित्तीय साक्षरता प्रवर्द्धन र वित्तीय ग्राहक संरक्षणमार्फत वित्तीय समावेशीकरण प्रवर्द्धन गर्ने उद्देश्यका साथ उक्त नीति जारी गरिएको हो। उक्त दस्तावेजले समावेशी वित्तीय पहुँच, वित्तीय साक्षरता, वित्तीय शिक्षा, वित्तीय ग्राहक संरक्षण, डिजिटल प्रविधिमा नवप्रवर्तन, लघु, साना तथा मझौला उद्योग/व्यवसायको प्रवर्द्धन नीति अघि सारेको छ। साथै, लैङ्गिक तथा वातावरणमैत्री बैंकिङ प्रवर्द्धन, दिगो र फराकिलो आर्थिक विकास, वित्तीय पूर्वाधारको विकास, वित्तीय आचरणसम्बन्धी नियामकीय भूमिका, साझेदारी र सहकार्य, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा मूल्याङ्कनसँगै आवधिक सर्वेक्षण र मापन गर्ने नीतिलाई अवलम्बन गरिएको छ।

त्यसको निम्ति वित्तीय पहुँच र वित्तीय सेवाको प्रयोगमा विस्तार, उद्यमशीलता तथा आर्थिक गतिविधिमा विस्तार, वित्तीय साक्षरता प्रवर्द्धन, वित्तीय ग्राहक हित संरक्षण, तथ्याङ्क सङ्कलन र मापनलाई प्राथमिकता दिइएको छ।

वित्तीय समावेशीकरण नीतिको कार्यान्वयनका लागि राष्ट्रिय वित्तीय समावेशीकरण रणनीतिको मस्यौदा नेपाल सरकारसमक्ष पेस गरिने र उक्त रणनीतिले तय गर्ने कार्ययोजनालाई क्रमिक रूपमा कार्यान्वयन गर्दै लगिने नीतिमा उल्लेख छ। त्यस क्रममा वित्तीय समावेशीकणलाई दृष्टिगत गर्दै मौद्रिक नीति, बैंकको वार्षिक कार्ययोजना र बजेट तर्जुमा गरिने, इजाजतपत्र र अनुमतिप्राप्त संस्थाका लागि निर्देशन जारी गरिने, सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरिने जानकारी नीतिमार्फत दिइएको छ।

वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्ने गरी बैंकले हालसम्म अवलम्बन गरेका नीतिगत र कार्यगत व्यवस्थालाई नीतिको अनुसूचीमा समेटिएको छ।

# 'बैंकिङ कानुनको अभ्यास र नीतिगत सुधार' विषयक अन्तरक्रिया



कानुन महाशाखाले जेठ ११ गते काठमाडौंमा 'बैंकिङ कानुनको अभ्यास र नीतिगत सुधार' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल कानुन व्यवसायी परिषद् र सर्वोच्च अदालत बार एसोसिएसनसँगको समन्वयमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा महान्यायाधिवक्ता एवम् कार्यक्रमका प्रमुख अतिथि डा. दीनमणि पोखरेलले वित्तीय अपराधको अनुसन्धानका निम्ति अलग्गै संयन्त्र आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य अपराधको तुलनामा वित्तीय अपराधको प्रवृत्ति भिन्न किसिमको छ । तिनलाई एकै ठाउँमा राखेर हेरियो भने त्यसले सही परिणाम दिन सक्दैन । त्यसैले यसलाई 'ह्याण्डल' गर्न अलग्गै संयन्त्र आवश्यक पर्ने सुझाव हामीले सरकारलाई दिएका छौं ।"

वित्तीय क्षेत्रका सबै विवाद र मुद्दालाई 'वित्तीय अपराध'को दृष्टिले हेर्न नमिल्ने विचार महान्यायाधिवक्ता पोखरेलले व्यक्त गर्नुभयो । विगतमा उच्च अदालतमा सीमित रहेको चेक अनादरसम्बन्धी मुद्दाको न्यायिक कारबाही जिल्ला अदालतबाटै हुने व्यवस्था मिलाइएको जानकारी उहाँले दिनुभयो । समाजमा आउने परिवर्तनसँगै अपराधको स्वरूपमा परिवर्तन हुने उल्लेख गर्दै महान्यायाधिवक्ता पोखरेलले त्यस्ता आपराधिक क्रियाकलापको नियन्त्रणका निम्ति कानुनमा निरन्तर परिमार्जन गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले वित्तीय प्रणालीको संवेदनशीलतालाई दृष्टिगत गर्दै राष्ट्र बैंकले आफ्ना नीतिगत व्यवस्थाको तर्जुमा र कार्यान्वयन गर्दै आएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "वित्तीय प्रणाली एकदमै संवेदनशील क्षेत्र हो । यसमा तलमाथि भयो भने बाँकी कुनै पनि 'सिस्टम' रहन सक्दैन । यसप्रति हामी अत्यन्त सजग छौं ।" सो अवसरमा गभर्नर अधिकारीले सहभागीबाट उठाइएका कालोसूची, धितो लिलामी, क्रिप्टोकरेन्सी, चेक अनादर, गुनासो सुनुवाइलगायतका विषयमा समेत जवाफ दिनुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले 'नेपालको वित्तीय प्रणाली र कानुनी संरचना' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले नेपालको वित्तीय प्रणाली, कानुनी व्यवस्था, राष्ट्र बैंकबाट जारी हुने नीतिगत व्यवस्था र निर्देशन, यसको कार्यान्वयनमा देखिएका चुनौतीबारे चर्चा गर्नुभयो । यसै गरी, वरिष्ठ अधिवक्ता मेघराज पोखरेलले 'बैंकिङ कानुनको अभ्यास र नीतिगत सुधार' विषयक कार्यपत्र प्रस्तुत गर्दै नेपालमा बैंकिङ कानुनको इतिहास, बैंकिङ कानुनको कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायबारे जानकारी दिनुभयो ।

सो अवसरमा नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे, सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष हरिशङ्कर निरौला, वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीले बैंकिङ कानुन र यसका विविध पक्षबारे आ-आफ्नो धारणा राख्नुभयो । कार्यक्रममा सरकारी वकिल र कानुन व्यवसायीहरूको सहभागिता थियो । सो अवसरमा सहभागीहरूबीच बैंकिङ कानुनको कार्यान्वयनमा देखिएका विभिन्न समस्या र चुनौतीबारे छलफल भएको थियो ।

कानुन महाशाखाका निर्देशक दीपकराज लामिछानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेत र संखुवासभामा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

गभर्नरको कार्यालय, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले जेठ ८ गते सुर्खेतमा 'डिजिटल वित्तीय साक्षरता कार्यक्रम' सम्पन्न गरेको छ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। भुक्तानी प्रणाली विभागसँगको समन्वयमा आयोजित कार्यक्रममा स्नातक तहमा अध्ययनरत विद्यार्थी, लघु, साना तथा मझौला उद्यमी, बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो। सो अवसरमा गभर्नर अधिकारीले डिजिटल वित्तीय साक्षरताको महत्त्वबारे चर्चा गर्दै यसको सबल पक्ष र चुनौतीका विषयमा धारणा राख्नुभयो। साथै, उहाँले सहभागी विद्यार्थीलाई डिजिटल वित्तीय प्रणालीमा आबद्ध हुन आग्रहसमेत गर्नुभयो।

कार्यक्रममा महाशाखाका उप-निर्देशक नवीना ढकाल र भुक्तानी प्रणाली विभागका उप-निर्देशक दीपक अधिकारीले वित्तीय साक्षरतासम्बन्धी अलगअलग कार्यपत्र प्रस्तुत गर्नुभयो। सो अवसरमा विद्यार्थी र साना उद्यमीबीच नौ वटा समूह निर्माण गरी बचतसम्बन्धी सचेतना अभिवृद्धि गर्ने सम्बन्धमा सामूहिक कार्यशाला समेत सम्पन्न गरिएको थियो।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले स्वागत मन्तव्य राख्नुभयो भने महाशाखाका निर्देशक किरण पण्डितले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। महाशाखाका सहायक निर्देशक कृष्ण कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।




यसै गरी, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले जेठ २२ गते सङ्खुवासभाको खाँदबारीमा 'डिजिटल वित्तीय साक्षरता कार्यक्रम' आयोजना गर्‍यो।

वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितमा आयोजित कार्यक्रममा स्थानीय महिला, किसान, लघु, साना तथा मझौला उद्यमी, स्नातक तहमा अध्ययनरत विद्यार्थी, शिक्षक र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिलगायतका सहभागिता थियो।

सो अवसरमा महाशाखाका निर्देशक पण्डितले बचत, लगानी, कर्जा, वित्तीय स्व:अनुशासन, बीमा, विप्रेषण, पुँजी बजार, डिजिटल वित्तीय सेवाको आधारभूत जानकारी, विद्युतीय भुक्तानीका फाइदा, चुनौती, गुनासो व्यवस्थापनलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा सहभागीको १० वटा समूह बनाई बचत, कर्जा तथा साक्षरतासम्बन्धी पाँच वटा विषयमा सामूहिक कार्यशालासमेत आयोजना गरिएको थियो।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर तिम्सिनाले वित्तीय साक्षरताको महत्त्वबारे प्रकाश पार्दै वित्तीय सेवालाई उद्यमशीलता विकासको निम्ति उपयोग गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो। सो अवसरमा विराटनगर कार्यालयका निर्देशक बुद्धराज शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने महाशाखाका सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■



# सुर्खेतमा समसामयिक विषयमा अन्तरक्रिया

सुर्खेत कार्यालयले जेठ ७ गते गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा वीरेन्द्रनगरमा समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा कर्णाली प्रदेशस्थित वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीका प्रदेश प्रमुख, शाखा प्रमुख तथा प्रतिनिधिहरू, नेपाल उद्योग वाणिज्य महासंघ/कर्णाली प्रदेश, सुर्खेत उद्योग वाणिज्य संघ र नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि, कृषि विकास निर्देशनालय, लघु उद्योग ग्रामका प्रतिनिधि, सञ्चारकर्मी लगायतको सहभागिता थियो।



कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले राष्ट्र बैंकबाट जारी भएका एकीकृत निर्देशन, चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन र अन्य नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो। साथै, कर्जासँग सम्बन्धित सम्पूर्ण व्यवस्थाको अध्ययन गरेर मात्रै आफूलाई अनुकूल पर्ने कर्जाको उपयोग गर्न उहाँले व्यवसायीहरूलाई सुझाव दिनुभयो। कार्यक्रममा गभर्नर अधिकारीले सहभागीबाट राखिएका जिज्ञासाको सम्बोधन समेत गर्नुभएको थियो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष पदमबहादुर शाही, नेपाल चेम्बर अफ कमर्स, सुर्खेतका अध्यक्ष चिन्तामणि शर्मा, सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेल, कृषि विकास बैंक, कर्णाली प्रदेशका प्रमुख डा. सुरोज टण्डनलगायतले समसामयिक आर्थिक तथा वित्तीय विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो।

सो अवसरमा सुर्खेत कार्यालयका प्रमुख उपनिर्देशक बाबुराम कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो। कार्यालयका सहायक निर्देशक चिनिया लामाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वीरगञ्जमा एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले जेठ २७ गते वीरगञ्जमा बैंक तथा वित्तीय संस्थाका निम्ति जारी गरिएको एकीकृत निर्देशनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

वीरगञ्ज कार्यालयको समन्वयमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। एकीकृत निर्देशन र यसमा गर्नुपर्ने व्यावहारिक संशोधनका विषयमा केन्द्रित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख, शाखा प्रमुख र अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित ५२ जनाको सहभागिता थियो।



कार्यक्रममा विभागका उप-निर्देशक रागनी सिंहले राष्ट्र बैंकबाट निर्देशन जारी गर्दा अवलम्बन गरिने प्रक्रिया, चालु आर्थिक वर्षमा भएका संशोधित व्यवस्थाको मुख्य विषयवस्तु, यसको कार्यान्वयनमा देखिएका चुनौतीलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। सोपश्चात् सहभागीहरूबीच एकीकृत निर्देशन कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक कठिनाइबारे छलफल भएको थियो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले राष्ट्र बैंकबाट जारी भएका नीतिगत व्यवस्था र नियामकीय निर्देशनको प्रभावकारी कार्यान्वयनका निम्ति बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभयो। त्यस क्रममा कार्यकारी निर्देशक पौडेल र निर्देशक राजनदेव भट्टराईले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो।

वीरगञ्ज कार्यालयका निर्देशक शरणकुमार अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक शान्ता गिरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# इलेक्ट्रोनिक चेक क्लियरिङ तथा अन्तरबैंक भुक्तानीसम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागले जेठ १४ गते काठमाडौंमा 'इलेक्ट्रोनिक चेक क्लियरिङ (ईसीसी) तथा अन्तरबैंक भुक्तानी प्रणाली (आईपीएस)' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित कार्यक्रममा उक्त विभागसँगै, प्रादेशिक कार्यालय, बैंक तथा वित्तीय संस्थाका कर्मचारीसहित ६५ जनाको सहभागिता थियो ।

कार्यक्रममा उप-निर्देशक सुबोधमान श्रेष्ठले 'Role of Nepal Rastra Bank in Clearing and Settlement' र नेपाल क्लियरिङ हाउस लिमिटेडका हेड अपरेसन्स सोभित शर्माले 'Issues, Challenges and Way Forward of NCHL Systems (ECC, IPS, RPS and Digital Banking)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।




कार्यक्रममा कार्यकारी निर्देशक थापाले समापन मन्तव्य राख्दै उक्त कार्यक्रमको आयोजनाबाट ईसीसी र आईपीएससँग सम्बद्ध कर्मचारीको ज्ञान सीप र कार्यकुशलता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा निर्देशक आर्या जोशीले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक गोविन्दप्रसाद नागिलाले धन्यवाद ज्ञापन गर्नुभयो । सहायक निर्देशक प्रलिशा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सुर्खेतमा सरकारी करोबारसम्बन्धी अन्तरक्रिया



सुर्खेत कार्यालयले जेठ २० गते सरकारी कारोबारसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कर्णाली प्रदेशमा सरकारी कारोबारमा संलग्न वाणिज्य बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रतिनिधिलगायतको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बैंकिङ विभागका उप-निर्देशक टीकाराम तिमिल्सिनाले प्रदेश सरकारको सरकारी कारोबार सञ्चालन र व्यवस्थापन तथा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले प्रदेश सरकारको सरकारी कारोबारको व्यावहारिक पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख दीपेन्द्र मगराती र नेपाल बैंक लिमिटेड कर्णाली प्रदेश प्रमुख दिनेश पौडेलले सरकारी कारोबारका विविध पक्षबारे चर्चा गर्नुभयो । कार्यक्रममा समापन मन्तव्य राख्दै सुर्खेत कार्यालयका प्रमुख कोइरालाले 'सरकारी कारोबार निर्देशिका, २०७६' को प्रभावकारी कार्यान्वयनका निम्ति सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा सुर्खेत कार्यालयका सहायक निर्देशक चिनिया लामाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरा र सिद्धार्थनगरमा समसामयिक विषयमा अन्तरक्रिया

पोखरा कार्यालयले जेठ ११ गते वित्तीय क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका निर्देशक विना ढकाल पौडेलको संयोजकत्वमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशमा केन्द्रीय कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुख र शाखा प्रमुखहरूको सहभागिता थियो।

सो अवसरमा वित्तीय क्षेत्रका समसामयिक विषयमा सहभागीहरूबीच छलफल भएको थियो। कार्यक्रमा उप-निर्देशक सुदीप त्रिपाठीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक पूर्णबहादुर मौराती नेपालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, सिद्धार्थनगर कार्यालयमा जेठ ३० गते बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो।





कार्यालयका निर्देशक विज्ञानराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा निर्देशक सुवेदीले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योग, व्यापार, पर्यटन, अटो, निर्माण क्षेत्रका प्रतिनिधिको सहभागिता थियो। सहभागीहरूबाट समसामयिक आर्थिक तथा बैंकिङ विषयमा आ-आफ्नो धारणासँगै आगामी मौद्रिक नीतिका निम्ति सुझावसमेत प्रस्तुत गरिएको थियो।

सो अवसरमा निर्देशक सुवेदीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनको पूर्ण पालना गर्न र वित्तीय सेवाप्रति सर्वसाधारणको गुनासो नआउने वातावरण बनाउन निर्देशन दिनुभयो। उप-निर्देशक छविलाल घिमिरेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। ■

# धितोपत्रसम्बद्ध संस्थाहरूसँग अन्तरक्रिया

वित्तीय जानकारी इकाइले जेठ २४ गते काठमाडौँमा सम्पत्ति शुद्धीकरण निवारण, आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण र गो-एएमएल रिपोर्टिङसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

धितोपत्र क्षेत्रका नियामक निकाय र सम्बद्ध अन्य संस्थाको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा नेपाल धितोपत्र बोर्ड, नागरिक लगानी कोष, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, धितोपत्रसम्बन्धी कार्य गर्ने सूचक संस्था, मर्चेन्ट बैंकर्स, धितोपत्र ब्रोकर कम्पनीका प्रतिनिधिको सहभागिता थियो।




सो अवसरमा नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारीले गो-एएमएल प्रणालीमा दर्ता भई सीमा तथा शङ्कास्पद कारोबारसम्बन्धी नियमित रिपोर्टिङ गर्न संस्थाहरूलाई आग्रह गर्नुभयो। साथै, उहाँले इन्साइडर ट्रेडिङ र बजारलाई प्रभावित पार्ने गतिविधि नियन्त्रणका निम्ति बोर्डले प्रभावकारी कदम चाल्ने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै गो-एएमएल प्रणालीमा प्राप्त हुने प्रतिवेदनहरू गोप्य र सुरक्षित रहने भएकाले सीमा कारोबार विवरण तथा शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन नियमित रूपमा रिपोर्टिङ गर्न सूचक संस्थाहरूलाई आग्रह गर्नुभयो। सो अवसरमा धितोपत्र ब्रोकर्स एसोसिएसन नेपालका सभापति सागर ढकालले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी व्यवस्थाको पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा धितोपत्र बोर्डका निर्देशक रितम्भरा बस्नेतले 'AML/CFT/APG Mutual Evaluation 2023' मा प्राप्त सुझावमा नियामक निकाय र सूचक संस्थाहरूको भूमिका' र इकाइका सहायक निर्देशक कमल पौडेलले 'गो-एएमएल प्रणालीमा आबद्धता र रिपोर्टिङ' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अर्चना धिताल (आचार्य) ले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वित्तीय संस्थाहरू: नामकरण तथा नियमन



सचिनराज पिया
उप-निर्देशक

नेपालमा बैंक तथा वित्तीय संस्थाको संख्या कति छ ? भनेर कसैले जिज्ञासा राखेमा पछिल्लो वित्तीय अवस्थाबारे जानकार प्रायले २० वटा वाणिज्य बैंक, १७/१७ वटा विकास बैंक र वित्त कम्पनी, ५५ वटा लघुवित्त वित्तीय संस्था र एउटा पूर्वाधार विकास बैंक गरी कुल ११० वटा छन् भन्ने जवाफ दिन सक्छन् । वित्तीय क्षेत्रबारे अझ बढी जानकारी हुनेले थप्न सक्छन् कि ती संस्थाबाहेक नेपालमा अन्य वित्तीय संस्थाहरू पनि छन् । बीमा कम्पनी, मर्चेन्ट बैंकर, ब्रोकरेज फर्म, हायर पर्चेज कारोबार गर्ने कम्पनी पनि त वित्तीय संस्थाहरू नै हुन् । अझ सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन तथा नियमनमा दखल राख्नेले औँल्याउन सक्छन् कि मुद्रा स्थानान्तरण गर्ने विप्रेषण कम्पनी र सटही कारोबार गर्ने मनिचेञ्जरजस्ता संस्थासमेत वित्तीय संस्थाको परिभाषाभित्र पर्छन् । तर, के वित्तीय संस्थासम्बन्धी माथिको तथ्याङ्क साँच्चै नै गलत हो त ? बैंक तथा वित्तीय संस्था ऐन (बाफिया), २०७३ अनुसार स्थापित संस्थाहरूको मात्र संख्या खोजिएको हो भने उक्त व्यहोरा सही नै छ । यद्यपि सो विवरणमा नेपालका सम्पूर्ण वित्तीय संस्थाहरूको तथ्याङ्क भने समावेश भएको छैन । यस दृष्टान्तले वित्तीय संस्थासम्बन्धी नामकरणमा केही अस्पष्टता रहेको बोध गराउँछ । यस आलेखमा वित्तीय संस्थाको नामकरणसँगै नियामकीय व्यवस्थामा गरिनुपर्ने सुधारका केही पक्षबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

## नामकरण (Nomenclature)

'वित्तीय संस्था' शब्दले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया), २०७३ बमोजिम स्थापना भएको संस्थालाई मात्रै हो कि फराकिलो अर्थ राख्ने वित्तीय कारोबार गर्ने जुनसुकै संस्थालाई जनाउने हो भन्नेबारे स्पष्ट हुन आवश्यक छ । युरोपेली केन्द्रीय बैंकले कायम राख्ने वित्तीय संस्थाको सूचीमा मौद्रिक वित्तीय संस्था (बैंकजस्ता वित्तीय मध्यस्थता गर्ने संस्थाहरू यसमा पर्छन्), लगानी कोष, बीमा कर्पोरेसन, पेन्सन कोष, भुक्तानी सेवा प्रदायक संस्था एवम् वित्तीय साधन कर्पोरेसनहरू रहेको उल्लेख गरेको छ । विश्वभर नै सामान्यत: 'वित्तीय संस्था' - अङ्ग्रेजीमा 'Financial Institution' – लाई वित्तीय कारोबार गर्ने सबै संस्थालाई समाहित गर्नेगरी प्रयोग गरिन्छ । नेपालको सन्दर्भमा भने 'बैंक तथा वित्तीय संस्था'लाई बाफियाबमोजिम गठन भएका संस्थाहरू ('बैंक'ले वाणिज्य बैंक र 'वित्तीय संस्था'ले अन्य वर्गका संस्थालाई) जनाउने गरी प्रयोग गर्ने गरिन्छ । कतिपय कानुनी तथा नीतिगत कागजातमा 'बैंक तथा वित्तीय संस्था' भनेको बाफियाबमोजिम स्थापना भएका संस्था हुन भनेर परिभाषित गरिएको हुन्छ । तर कतिपयमा भने त्यसो गरिएको हुँदैन । जस्तै, विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ३८(२) मा *'सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपाल राज्यभित्र कारोबार गर्ने बैंक वा वित्तीय संस्थामा.......विद्युतीय स्वरूप वा विद्युतीय सञ्चार माध्यम प्रयोग भएको कारणबाट त्यस्ता फाराम, निवेदन, कागजात, अभिलेख, इजाजत, अनुमतिपत्र वा स्वीकृति, प्रमाणपत्र वा भुक्तानीलाई कानुनी मान्यता दिनबाट इन्कार गरिने छैन ।'* उल्लेख छ । तथापि, उक्त ऐनमा वित्तीय संस्थालाई परिभाषित गरिएको छैन र सो व्यवस्था बाफियाबमोजिम स्थापित संस्थाबाहेकका वित्तीय संस्थामा लागु हुने/नहुनेबारे स्पष्ट छैन । नेपालमा बैंकहरूसहित अन्य थुप्रै वित्तीय संस्थाहरू समेत सञ्चालनमा रहेको सन्दर्भमा 'वित्तीय संस्था'लाई बाफियाबमोजिम स्थापित संस्थाहरू मात्र जनाउन प्रयोग गर्दा बैंकिङ तथा वित्तीय क्षेत्रसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थामा मात्र नभई सार्वजनिक एवम् प्राज्ञिक छलफल (Public and Academic Discourse) मा समेत अस्पष्ट र अन्योल देखिन सक्छ ।

बैंक र अन्य वित्तीय संस्थाहरूबीच तात्विक फरक भनेको बैंकले सर्वसाधारणको निक्षेप (Public Deposit) परिचालन गर्न सक्छन् भने अन्यलाई प्राय: सो कार्य गर्न दिइएको हुँदैन । जनताले जम्मा गरेको रकम चाहेका बखत झिक्नसक्ने सुनिश्चित गर्ने र सम्पूर्ण वित्तीय क्षेत्रमा विश्वास कायम राख्ने उद्देश्यसहित बैंकहरूलाई तुलनात्मक रूपमा कडा नियमनमा राखिएको पाइन्छ । साथै, बैंकहरूमा साधारणतया तरलता पर्याप्ततासम्बन्धी नियमनका अतिरिक्त न्यूनतम पुँजीसम्बन्धी बाजलको मापदण्ड (Basel Standards) लागु गरिएको हुन्छ । हालको बाफियाअन्तर्गत स्थापित संस्थाहरू भनेका बैंकिङ



संस्थाहरू हुन् र यी संस्थालाई वित्तीय संस्थाहरू मध्येमा पनि 'बैंकिङ वित्तीय संस्था' वा 'बैंकिङ संस्था'को रूपमा नामकरण गर्न उपयुक्त हुने देखिन्छ। साथै, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनलाई 'बैंक तथा बैंकिङ संस्थासम्बन्धी ऐन' (Bank and Banking Institutions Act) नाम दिन सकिन्छ। यसो गर्दा हाल कानुनी वा नीतिगत प्रावधानमा बाफियाअन्तर्गत स्थापित संस्थाहरू मात्र जनाउन 'बैंक तथा वित्तीय संस्था' प्रयोग गरिएको छ भने त्यसमा संशोधन गरी 'बैंक तथा बैंकिङ संस्था' शब्द प्रयोग गर्नुपर्ने हुन्छ। कतिपय देशहरूमा लघुवित्त संस्थाहरूले सर्वसाधारणको बचत स्वीकार गर्न पाउँदैनन् र तिनलाई गैर-बैंकिङ वित्तीय संस्था (Non-banking Financial Institution) को रूपमा वर्गीकरण गरिएको पाइन्छ। तर, नेपालमा विद्यमान व्यवस्थाअनुसार निश्चित सीमाभित्र रहेर भए पनि यी संस्थाले सर्वसाधारणको बचतसमेत परिचालन गर्न पाउने भएकोले लघुवित्त वित्तीय संस्थालाई बैंकिङ संस्थाअन्तर्गत वर्गीकरण गर्न अनुपयुक्त नहोला। यसरी हालको बाफियाअन्तर्गत स्थापित संस्थाहरूलाई मात्र जनाउन 'बैंक' वा 'बैंकिङ संस्था', अन्य वित्तीय कारोबार गर्ने संस्थाहरूलाई जनाउन 'गैर-बैंक वित्तीय संस्था' वा 'गैर-बैंकिङ वित्तीय संस्था' र सबै (बैंकिङ संस्थासहित) वित्तीय कारोबार गर्ने संस्थाहरू जनाउन 'वित्तीय संस्था' शब्द प्रचलनमा ल्याउन सके नामकरणमा थप स्पष्टता ल्याउन सकिन्छ।

## नियमन

नेपालमा बैंकिङ संस्थाहरू (हाल: बाफिया अन्तर्गत स्थापित संस्था) बाहेक वित्तीय कारोबार गर्ने विभिन्न प्रकारका सञ्चालन मोडल भएका संस्थाहरू छन्। बैंकिङ संस्था एवम् बैंकिङ संस्था बाहेकका भुक्तानीको कारोबार गर्ने, मुद्रा स्थानान्तरण एवम् सटही गर्ने तथा कर्जासम्बन्धी कार्य गर्ने वित्तीय संस्थाहरू नेपाल राष्ट्र बैंकको नियामकीय दायराभित्र पर्छन्। भुक्तानीसम्बन्धी कारोबार भुक्तानी प्रणाली ऐन र विदेशी मुद्रा स्थानान्तरण तथा सटहीको कारोबार विदेशी विनिमय (नियमित गर्ने) ऐनअन्तर्गत रहेर समेत गरिनुपर्ने हुन्छ। यसै गरी, हायर पर्चेज कारोबार गर्ने कम्पनी, हाइड्रोइलेक्ट्रीसिटी डेभलपमेण्ट एण्ड इन्भेष्टमेण्ट कम्पनी लिमिटेडजस्ता कर्जा प्रदान गर्ने गैर-बैंकिङ वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम राष्ट्र बैंकबाट स्वीकृति लिई कर्जाको कारोबार गर्दै आएको अवस्था छ। बीमा कम्पनी, धितोपत्रसम्बन्धी कार्य गर्ने संस्था र वित्तीय सहकारी संस्थाजस्ता अन्य वित्तीय संस्थाहरू केन्द्रीय बैंकको नियामकीय दायराभन्दा बाहिर रहने गरेकोमा नेपाल राष्ट्र बैंक, २०५८ को पछिल्लो संशोधनमार्फत राष्ट्र बैंकलाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियामकीय भूमिकामा राखिएको छ।

**नेपालको सन्दर्भमा 'वित्तीय संस्था' शब्दले सम्पूर्ण वित्तीय संस्थाहरूलाई जनाउने र 'बैंकिङ संस्था'ले हालको बाफियाबमोजिम स्थापित संस्थालाई मात्र बुझाउने गरी प्रयोग गरिएमा वित्तीय क्षेत्रमा थप नीतिगत स्पष्टता आउन सक्छ।**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा राष्ट्र बैंकको उद्देश्यभित्र वित्तीय स्थायित्व कायम गरी बैंक तथा वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने विषय उल्लेख गरिएको छ। वित्तीय प्रणालीअन्तर्गत बैंकिङ संस्थाबाहेक अन्य गैर-बैंकिङ वित्तीय संस्थासमेत पर्दछन्। नेपालमा वित्तीय क्षेत्रको नियमन तथा सुपरिवेक्षणमा परम्परागत Sectoral Approach अपनाइएको छ। वित्तीय संस्थाहरूको कार्य प्रकृतिअनुसार तिनको नियमन अलगअलग निकायबाट हुने कानुनी व्यवस्था छ। वित्तीय क्षेत्रमा नेपाल राष्ट्र बैंकबाहेक नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग पनि नियामकीय र सुपरिवेक्षकीय भूमिकामा छन्। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषजस्ता अन्य अनुबन्धात्मक बचत संस्थाका सम्बन्धमा स्पष्ट रूपमा नियामक नरहेको अवस्था छ। बैंकिङ संस्थाहरू (हाल बाफियाअन्तर्गत स्थापित संस्था) लाई केन्द्रीय बैंकले विवेकशील नियामकीय व्यवस्थाहरू लागु गरेको छ। कर्जा प्रदान गर्ने गैर-बैंकिङ वित्तीय संस्थाहरू (बचत तथा ऋण सहकारी संस्थासमेत) को सम्बन्धमा पनि संस्थाको आकार तथा वित्तीय प्रणालीमा अन्तरसम्बन्ध (Interconnectedness) को आधारमा वित्तीय स्थायित्वमा पर्नसक्ने प्रभाव, सञ्चालनमा पारदर्शिता, संस्थागत सुशासन एवम् ग्राहक संरक्षणजस्ता विषयहरू सम्बोधन हुनेगरी नियामकीय प्रावधानहरू कार्यान्वयन गर्न उपयुक्त हुन्छ। हाल वित्तीय क्षेत्रमा नियामकीय र सुपरिवेक्षकीय जिम्मेवारी बाँडिएको अवस्थामा केन्द्रीय बैंकको वित्तीय स्थायित्व कायम राख्ने कार्य थप चुनौतीपूर्ण रहेको देखिन्छ।

राष्ट्र बैंकलाई प्रभावकारी रूपमा वित्तीय स्थायित्वको उद्देश्य प्राप्त गर्नेगरी थप सबल बनाउन केही कानुनी तथा संरचनात्मक सुधार गर्न आवश्यक छ। विभिन्न देशमा वित्तीय स्थायित्वलाई उच्च प्राथमिकतामा राख्दै अर्थमन्त्री वा केन्द्रीय बैंकका गभर्नरको नेतृत्वमा उच्चस्तरीय समितिको व्यवस्था गरिएको पाइन्छ। नेपालको सन्दर्भमा हाल अर्थमन्त्रीको नेतृत्वमा रहेको 'उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समिति'ले वित्तीय क्षेत्र सुधार तथा वित्तीय क्षेत्रसँग सम्बन्धित कानुनी सुधारका प्रक्रिया अघि बढाउनको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ। वित्तीय स्थायित्वको मुख्य जिम्मेवारी राष्ट्र बैंकलाई दिइएको सन्दर्भमा राष्ट्र बैंकको गभर्नरको नेतृत्वमा एउटा 'वित्तीय स्थायित्व समिति' (Financial Stability Committee) रहनेगरी नेपाल राष्ट्र बैंक ऐनमा नै व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ। उक्त समितिमा डेपुटी गभर्नरहरू, वित्तीय क्षेत्रका नियामक निकायका प्रमुख र नेपाल सरकारबाट नियुक्त स्वतन्त्र विज्ञ सदस्य रहने व्यवस्था गर्न सकिन्छ। यस समितिले मुख्य रूपमा प्रणालीगत जोखिमको पहिचान र मापन, वित्तीय क्षेत्रमा विवेकशील नियमनको संयोजन तथा कार्यान्वयन, वित्तीय सङ्कटको व्यवस्थापन र रोकथाम लगायतका कार्य गर्नेगरी आवश्यक कानुनी व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ। साथै, उक्त समितिको सचिवालयको रूपमा कार्य गर्न र सञ्चालनस्तरमा विभिन्न नियामक निकायहरूबीच समन्वय गर्न राष्ट्र बैंकभित्र 'वित्तीय स्थायित्व महाशाखा' रहने व्यवस्था गर्न सकिन्छ। यस महाशाखाले स्वतन्त्र रुपमा समग्र वित्तीय प्रणालीमा रहेको जोखिमको अवस्था र नियामकीय सबलता/कमजोरीको विश्लेषण गर्ने र सोको आधारमा अग्रगामी दृष्टिकोण (Forward-looking projections) सहितको 'वित्तीय स्थायित्व प्रतिवेदन' तयार गरी उक्त समितिलाई सोझै रिपोर्टिङ गर्ने व्यवस्था मिलाउन सकिन्छ। साथै, यही संरचनामार्फत कुनै बैंकिङ संस्था र गैर-बैंकिङ वित्तीय संस्था भिन्न नियामकअन्तर्गत तर एउटै समूह स्वामित्वमा पर्छन् भने तिनलाई एकीकृत तवरले सुपरिवेक्षण गर्नको लागि समन्वय गर्न सकिन्छ।

कुनै पनि अर्थतन्त्रमा वित्तीय संस्थाहरूको भूमिका महत्वपूर्ण हुने गर्दछ। अझ पुँजीवादी अर्थतन्त्रमा त यी संस्थाहरू अपरिहार्य नै हुन्छन्। वित्तीय स्थायित्व एवम् वित्तीय क्षेत्रमा जनविश्वास कायम राख्न वित्तीय संस्थाहरूलाई विशेष रूपमा नियमन गरिएको हुन्छ। यद्यपि बैंकिङ संस्थाहरू र गैर-बैंकिङ वित्तीय संस्थाहरूको कार्यप्रकृति तथा नियमनमा भने केही भिन्नता हुन्छ। नेपालको सन्दर्भमा 'वित्तीय संस्था' शब्दले सम्पूर्ण वित्तीय संस्थाहरूलाई जनाउने र 'बैंकिङ संस्था'ले हालको बाफियाबमोजिम स्थापित संस्थालाई मात्र बुझाउने गरी प्रयोग गरिएमा वित्तीय क्षेत्रमा थप नीतिगत स्पष्टता आउन सक्छ। यसबाहेक पनि वित्तीय प्रणालीको स्थायित्वको लागि 'वित्तीय स्थायित्व समिति' गठन गर्ने लगायतका संरचनात्मक सुधारको कार्य गर्न सकिएमा यस क्षेत्र थप सबल र सक्षम बन्नसक्ने देखिन्छ। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



२०८० जेठ महिनामा विभिन्न विभाग/कार्यालयले ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा वित्तीय जानकारी इकाइले जेठ १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा Excel sheet को प्रभावकारी प्रयोगका सम्बन्धमा बाह्य विज्ञ दिपसिंह रावतले प्रस्तुति दिनुभयो। इकाइको नियमित कार्यसम्पादनमा प्रयोग हुने Excel sheet का विविध पक्षबारे कर्मचारीलाई जानकारी दिने उद्देश्यले उक्त विषय छनोट गरिएको इकाइले जनाएको छ।

वित्तीय संस्था सुपरिवेक्षण विभागले जेठ १८ गते 'समष्टिगत स्थलगत निरीक्षणको क्रममा वित्तीय विवरण तयार गर्दा ध्यान दिनुपर्ने पक्षहरू' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। विभागका उप-निर्देशक अमृतबहादुर बढाथोकी र सहायक निर्देशक विवेकआनन्द रौनियारले सो विषयमा प्रस्तुति दिनुभयो।

यसै गरी, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले जेठ २२ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो। सो अवसरमा विभागका सहायक निर्देशक सुवालले 'Overview of Public Procurement Process' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। सो अवसरमा सहभागीहरूबीच बैंकमा हुने सार्वजनिक खरिद प्रक्रियाका नीतिगत र व्यावहारिक समस्याबारे छलफलसमेत भएको थियो।

पोखरा कार्यालयले जेठ २३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। 'Operational Manual for Currency







Management Unit' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका प्रधान सहायक तारा पोखरेल शर्माले सो विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उक्त म्यानुअलउपर कर्मचारीहरूको सुझावसमेत लिइएको थियो।

नेपालगञ्ज कार्यालयले जेठ २८ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा सहायक ईशा ढुङ्गानाले 'Currency Management in Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। उहाँले मुद्रा व्यवस्थापनसँग सम्बन्धित कानुनी प्रावधान, नेपाली नोटको जीवनचक्र, नेपाली नोटको सुरक्षण विशेषता, शङ्कास्पद नोटको पहिचान र व्यवस्थापन, नोटकोष तथा ढुकुटी व्यवस्थापन र केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी विषयमा जानकारी दिनुभयो।

यसै गरी, गभर्नरको कार्यालयले जेठ ३१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। भर्चुअल माध्यममार्फत आयोजित कार्यक्रममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक उत्तम आचार्यले 'Knowledge Sharing Techniques: Trainers' Role' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उहाँले ज्ञान हस्तान्तरणका विधि, शैली, कक्षाकोठाको आकार/संरचना, विषयवस्तु, वार्ता प्रस्तुति शैलीलगायतका विषयमा जानकारी दिनुभएको थियो।



# Financial Stability and Macro Prudential Supervision विषयक तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख ३१ देखि जेठ ३ गतेसम्म काठमाडौंमा 'Financial Stability and Macro-prudential Supervision' विषयक तालिम कार्यक्रम आयोजना गऱ्यो।

सिसन सेन्टर, बैंक अफ जापान र ब्याङ्क डे फ्रान्सको सहकार्यमा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा नेपाल राष्ट्र बैंकका १४ सहित फिलिपिन्स, इण्डोनेसिया, मलेसिया, थाइल्याण्ड, कम्बोडिया र भारतका केन्द्रीय बैंकका १६ गरी ३० जनाको सहभागिता थियो। सिसन सेन्टरका सदस्य केन्द्रीय बैंकका नियामकीय र सुपरिवेक्षकीय प्रणाली, म्याक्रो-प्रुडेन्सियल नीति तथा उपकरणका असल अभ्यासबारे ज्ञान आदानप्रदान र वित्तीय स्थायित्व तथा चुनौतीबारे छलफल भएको थियो।

तालिम कार्यक्रमको उदघाट्न सत्रमा सिसन सेन्टरका निर्देशक सिरचन्दर रामास्वामीले कार्यक्रमको परिचयसहित स्वागत मन्तव्य राख्नुभयो। बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले उद्घाटन मन्तव्य राख्दै उक्त कार्यक्रमको सान्दर्भिकताबारे चर्चा गर्नुभयो। सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले नेपालको वित्तीय स्थायित्वका विविध पक्षबारे प्रकाश पार्नुभएको थियो।

अनलाइन माध्यमबाट सञ्चालित उद्घाटन सत्रमा बैंक अफ जापानका निर्देशक को मुनाकाटाले वित्तीय प्रणालीको स्थायित्व सम्बन्धमा जापानको अनुभव र मूल्याङ्कन विधिबारे जानकारी दिनुभयो। १३ वटा सत्रमा सञ्चालित कार्यक्रममा सिसन सेन्टर र अन्य विभिन्न देशका केन्द्रीय बैंकका स्रोतव्यक्तिहरूले बाजलको सुपरिवेक्षकीय संरचना, म्याक्रो-प्रुडेन्सियल नीति, वित्तीय क्षेत्रका जोखिम, स्ट्रेस टेस्टिङ, वित्तीय क्षेत्रको स्थायित्वलगायतका विषयमा सहभागीलाई जानकारी दिनुभएको थियो।

# Major Financial Indicators

as on Baisakh End, 2081 (Mid-May, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 101.69 | 11.03 | 2.31 | 115.03 |
| 2 | Total Credit/GDP | 83.95 | 9.23 | 1.83 | 95.01 |
| 3 | Total Credit/ Total Deposit | 82.56 | 83.64 | 79.36 | 82.60 |
| 4 | CD Ratio | 79.82 | 83.14 | 78.15 | 80.10 |
| 5 | Fixed Deposit/Total Deposit | 57.66 | 65.12 | 71.88 | 58.66 |
| 6 | Saving Deposit/Total Deposit | 29.35 | 26.84 | 18.80 | 28.89 |
| 7 | Current Deposit/Total Deposit | 5.54 | 1.44 | 1.13 | 5.06 |
| 8 | Call Deposit/Total Deposit | 6.66 | 6.56 | 7.20 | 6.66 |
| 9 | NPL/ Total Loan^ | 3.89 | 3.63 | 10.40 | 3.98 |
| 10 | Total LLP /Total Loan | 4.52 | 3.97 | 9.32 | 4.56 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 6.12 | 8.63 | 7.11 | 6.38 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 6.95 | 6.10 | 7.31 | 6.88 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.73 | 16.08 | 18.35 | 18.47 |
| 3 | Total Liquid Assets/Total Deposit | 26.68 | 24.23 | 32.54 | 26.56 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.72 | 10.17 | 12.74 | 9.81 |
| 2 | Total Capital/RWA | 12.53 | 12.99 | 14.77 | 12.61 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,032 | 1,135 | 288 | 6,455 |
| 3 | No. of Deposit Accounts | 47,177,232 | 7,009,032 | 866,340 | 55,052,604 |
| 4 | No.of Loan Accounts | 1,560,666 | 288,055 | 42,855 | 1,891,576 |
| 5 | No. of Branchless Banking Centers | 1,153 | 17 | - | 1,170 |
| 6 | No. of Branchless Banking Customers | 299,502 | 1,603 | - | 301,105 |
| 7 | No. of Mobile Banking Customers | 20,332,694 | 3,248,379 | 216,607 | 23,797,680 |
| 8 | No. of Internet Banking Customers | 1,361,489 | 561,839 | 15,560 | 1,938,888 |
| 9 | No. of ATMs | 4,771 | 348 | 44 | 5,163 |
| 10 | No. of Debit Cards | 11,660,281 | 1,070,160 | 59,215 | 12,789,656 |
| 11 | No. of Credit Cards | 284,432 | 1,821 | - | 286,253 |
| 12 | No. of Prepaid Cards | 167,971 | 1,814 | - | 169,785 |

| **E. Interest Rate(%)** | | |
|---|---|---|
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **6.35** |
| | (a) Saving | 3.78 |
| | (b) Fixed | 8.59 |
| | (c) Call | 1.66 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **10.34** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2022/23(P) stands at Rs. 5,381,335 million (Source: https://cbs.gov.np/national-accounts-statistics-of-nepal-2022-23-annual-estimates/)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2080/81 (2023/24)

# केन्द्रद्वारा विभिन्न चार वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ जेठ महिनामा विभिन्न चार वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले भक्तपुरको बोडेमा वैशाख ३० देखि जेठ ४ गतेसम्म 'Management Development Program' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना अधिकृतस्तरका कर्मचारीको सहभागिता थियो। १९ वटा सत्रमा सञ्चालित उक्त तालिममा स्व:व्यवस्थापन, नेतृत्व, सामाजिक आचरणलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले जेठ ६ देखि ८ गतेसम्म 'Foreign Exchange Management in Nepal' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। ३० जनाको सहभागितामा आयोजित सो तालिम कार्यक्रम आठ वटा सत्रमा समेटिएको थियो। सो अवसरमा सहभागीलाई नेपालमा विदेशी विनिमय व्यवस्थापन, सञ्चिति व्यवस्थापन, वैदेशिक ऋण र लगानी, अन्तर्राष्ट्रिय व्यापार, भुक्तानी प्रक्रियालगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

केन्द्रले जेठ २० देखि २२ गतेसम्म पोखरामा 'Secretariat Training' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तालिममा विभिन्न विभाग/कार्यालयका ३१ जना सहायकस्तरका कर्मचारीको सहभागिता थियो। तालिममा सञ्चार सीप, अन्तरवैयक्तिक सम्बन्ध, स्व:उत्प्रेरणा, समय व्यवस्थापन, समन्वय, सचिवालयको जिम्मेवारीलगायतका विषयवस्तु समेटिएको थियो।

यसै गरी, केन्द्रले जेठ २७ देखि २९ गतेसम्म 'Cyber Security Issues and Payment and Settlement System in Nepal' विषयक अधिकृत/सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। नौ वटा सत्रमा सञ्चालित कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो। त्यस क्रममा सहभागीलाई नेपालको डिजिटल इकोसिस्टम, भुक्तानी प्रणालीको साइबर सुरक्षा र चुनौती, सुरक्षा सुनिश्चितताका उपाय, सोसम्बन्धी नियामकीय संयन्त्रलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। ■

## अवकाश

सिद्धार्थनगर कार्यालयका उप-निर्देशक खगराज सापकोटा र लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यालय सहयोगी तृतीय सरस्वती मल्लले जेठ २१ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल